# आबुँखैरेनी गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ६** **संख्याः ६** **मितिः २०७९/०६/०६**


## भाग-२

आँबुखैरेनी गाउँपालिका

## आँबुखैरेनी अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७९

प्रमाणीकरण मिति
२०७९०६/०६/

प्रस्तावना:

सस्तो र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नको लागि, स्वास्थ्य सेवाको विस्तार, विकास र प्रभावकारीता बढाई नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभूत गराउन, जनतालाई स्वास्थ्य सेवामा सहज पहुँच पुऱ्याउन, आर्थिक र प्रशासनिक बन्दोबस्त अझ व्यवस्थित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११ (२) झ र दफा १०२ बमोजिम आँबुखैरेनी गाउँपालिकाको गाउँकार्यपालिकाले यो नियमावली बनाएको छ ।

### परिच्छेद - १
### संक्षिप्त नाम र प्रारम्भ

(१) संक्षिप्त नाम र प्रारम्भ

(१) यस नियमावलीको नाम **'आँबुखैरेनी अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७९'** रहेको छ ।

(२) यो ऐन आँबुखैरेनी गाउँपालिकाको गाउँसभाले पारित गरेपछि तुरुन्त लागु हुनेछ।

(२) परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(१) "गाउँपालिका" भन्नाले आँबुखैरेनी गाउँपालिकालाई सम्झनु पर्छ।

(२) "कार्यपालिका" भन्नाले आँबुखैरेनी  गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(३) "सञ्चालक समिति" भन्नाले नियमावलीको नियम १३ बमोजिमको आँबुखैरेनी अस्पतालको सञ्चालक समितिलाई सम्झनु पर्छ। सञ्चालक समितिलाई छोटकरीमा "समिति" भनिनेछ।

(४) "अस्पताल" भन्नाले आँबुखैरेनी अस्पतालाई जनाउने छ।

(५) "अध्यक्ष" भन्नाले आँबुखैरेनी अस्पताल सञ्चालक समितिको अध्यक्षलाई सम्झनु पर्छ।

(६) "उपाध्यक्ष" भन्नाले आँबुखैरेनी अस्पताल सञ्चालक समितिको अध्यक्षलाई सम्झनु पर्छ।

(७) "सदस्य" भन्नाले आँबुखैरेनी अस्पताल सञ्चालक समितिको सदस्यलाई सम्झनु पर्छ।

(८) "मेडिकल सुपरिटेन्डेन्ट" भन्नाले आँबुखैरेनी अस्पतालको मेडिकल सुपरिटेण्डेण्ट सम्झनु पर्दछ।

(९) "प्रशासक" भन्नाले आँबुखैरेनी अस्पतालको प्रशासक सम्झनु पर्दछ।

(१०) "कर्मचारी" भन्नाले आँबुखैरेनी अस्पतालमा स्थायी, अस्थायी, करार सेवामा कार्यरत प्राविधिक, प्रशासनिक, मेडिकल, पारामेडिकल, सम्पूर्ण कामदार तथा कर्मचारीहरुलाई जनाउँदछ।

(११) "तोकिए बमोजिम" भन्नाले अस्पताल संचालक समितिद्धारा तोकिए बमोजिम हुनेछ।

(१२) "अस्पतालको निर्णय" भन्नाले अस्पताल संचालक समितिको निर्णयलाई जनाउँदछ।

(१३) "विशेषज्ञ" पद भन्नाले विशेष प्रकृतिको काम, कर्तब्य र उत्तरदायित्व भएको विषेश योग्यता चाहिने पदलाई जनाउँदछ।

(१४) "करारमा नियुक्त कामदार कर्मचारी" भन्नाले अस्पतालले निश्चित काम गर्न निश्चित समयाअबधि तोकी नियुक्ती भएका कामदार कर्मचारीलाई जनाउँदछ।

(१५) "आर्थिक बर्ष" भन्नाले श्रावण १ गतेदेखि आषाढ मसान्तसम्मको अबधिलाई जनाउँछ।

(१६) "चिकित्सक" भन्नाले नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका ब्यक्तिलाई जनाउँदछ। तर दर्ता नवीकरण नभएका वा खारेज भएको हकमा भने लागु हुने छैन।

(१७) "स्वास्थ प्राविधिक" भन्नाले नेपाल स्वास्थ ब्यबसायी परिषदमा दर्ता भएका ब्यक्तिलाई जनाउँदछ। तर दर्ता नवीकरण नभएका वा खारेज भएको हकमा भने लागु हुने छैन।

(१८) "नर्स" भन्नाले नर्सिङ सम्बन्धमा शिक्षा लिई आबश्यक तालिम प्राप्त गरेको नेपाल नर्सिङ परिषदमा दर्ता भई सो दर्ता नवीकरण गरी अध्याबधिक गरिएको ब्यक्तिलाई जनाउँदछ।

## परिच्छेद-२
## अस्पतालको संगठन र सेवाको गठन

(३) अस्पतालको क्षमता: अस्पतालको क्षमता १५ शैयाको हुनेछ ।

(४) अस्पतालको छापः अस्पतालको प्रयोजनको लागि अनुसूची १ बमोजिमको अस्पतालको छुट्टै छाप हुनेछ ।

(५) अस्पतालको चिठी पत्र : अस्पतालको प्रयोजनको लागि अनुसूची २ बमोजिमको अस्पतालको चिठी पत्रको नमुना छुट्टै हुनेछ ।

(६) सांगठनिक संरचनाः अस्पतालको सांगठनिक संरचना अनुसूची ३ मा लेखिए बमोजिमको हुनेछ ।

(७) सेवाको गठनः अस्पतालमा देहायवमोजिमका सेवाहरु रहनेछन् :-

(१) प्रशासन सेवा

(२) प्राविधिक सेवा

(८) नियम (७) बमोजिमको सेवा अन्तर्गत रही अस्पतालले देहायका मुख्य सेवाहरु उपलब्ध गराउनेछ :

- परिवार नियोजन सेवा
- आधारभुत स्वास्थ्य सेवा
- सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा
- खोप सेवा
- पोषण सेवा
- झाडापखाला नियन्त्रण कार्यक्रम
- श्वास प्रश्वास रोग नियन्त्रण कार्यक्रम
- औलो तथा कालाजार नियन्त्रण कार्यक्रम
- क्षयरोग नियन्त्रण कार्यक्रम
- कुष्ठरोग नियन्त्रण कार्यक्रम
- एड्स /यौन रोग नियन्त्रण कार्यक्रम
- महामारी नियन्त्रण तथा दैवी प्रकोप व्यवस्थापन कार्यक्रम
- वातावरणीय सरसफाई तथा फोहोर मैला व्यबस्थापन
- स्वास्थ्य शिक्षा, सुचना तथा सञ्चार
- गाउघर क्लिनीक कार्यक्रम
- महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम
- उपचार सेवा
- स्वास्थ्य वीमा कार्यक्रम
- सुपरीवेक्षण तथा अनुगमन

- प्रशासनिक कार्य
- रेडियोलोजी सेवा (अस्पतालमा मात्र)
- प्रयोगशाला सेवा
- शव गृह/पोस्टमार्टम सेवा (अस्पतालमा चिकित्सकबाट मात्र)
- शल्य चिकित्सा सेवा (अस्पतालमा मात्र)
- फार्मेसी सेवा (अस्पतालमा मात्र)
- बहिरंग सेवा
- २४ घण्टा आकस्मीक सेवा (अस्पतालमा मात्र)
- एम्बुलेन्स सेवा
- अन्तर सेवा (अस्पतालमा मात्र)
- नसर्ने रोग नियन्त्रयण तथा रोकथाम लगायत आखा, नाक, कान घाटी, मानसिक स्वास्थ्य सेवा
- टेलिमेडिसिन सेवा
- राष्ट्रिय अभियान लगायत तालिम, गोष्ठी, सेमिनार एवं विविध स्वास्थ्य कार्यक्रम

(९) समूह तथा उपसमूह : नियम (७) बमोजिमको सेवामा रहने पदहरुको कामको प्रकृति र ती कामलाई सम्पादन गर्न चाहिने न्यूनतम योग्यता र कार्य विशिष्टताको आधारमा अनुसूची- ४ बमोजिमका समूह तथा उपसमूह गठन गर्न सकिनेछ।

(१०) कार्य विवरण :

(१) सेवाको प्रत्येक पदको कार्य विवरण बनाई लागू गर्नुपर्ने दायित्व मेडिकल सुपरिटेण्डेण्ट को हुनेछ। सो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य, अधिकार, उत्तरदायित्व र योग्यता समेत स्पष्ट रुपमा किटान गरिएको हुनुपर्नेछ । यस्तो कार्य विवरणको तोकिएबमोजिम हुनेछ।

(२) नियम (११) बमोजिम कुनै पद सृजना गर्दा त्यस्तो पदको कार्यविवरण समेत तयार गर्नु पर्नेछ।

(११) पद सृजना वा हेरफेर :

(१) अस्पतालको लागि नयाँ पद सिर्जना गर्न वा हेरफेर गर्न आवश्यक देखिएमा मेडिकल सुपरिटेण्डेण्ट ले प्रशासन, लेखा तथा सम्बन्धित शाखाको समेत प्रतिनिधित्व हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको लागि एक संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिको गठन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम गठन भएको समितिले अस्पतालको कार्यक्रम, कार्यबोझ, कार्यप्रकृति तथा आर्थिक दायित्वको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रतिवेदन पेश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम पेश भएको प्रतिवेदनको सम्बन्धमा मेडिकल सुपरिटेण्डेण्ट ले मूल्यांकन गरी नयाँ पद सिर्जना वा हेरफेरको लागि संचालक समिति समक्ष पेश गर्नु पर्नेछ।

(४) यस नियम बमोजिम दरवन्दी हेरफेर भएकोमा कर्मचारी प्रशासन शाखाले त्यस्तो पदको तह, समूह तथा उपसमूह समेत खुलाई दरबन्दी किताबमा पद दर्ता गराउनु पर्नेछ ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएतापनि समितिले अत्यावश्यक जनशक्तिको करारमा नियुक्ति गरी काम लगाउने गरी पद र दरबन्दि सिर्जना गर्न बाधा मानिनेछैन ।

## परीच्छेद-३
## गुणस्तर सुनिश्चितता

(१२) यस नियामवली बमोजिम स्थापना हुने अस्पतालले निम्न बमोजिमको गुणस्तरको मापदण्ड पूरा गरेको हुनुपर्नेछ :

(१) बहिरंग सेवामा आउने विरामीहरुको चापका आधारमा विरामी दर्ता, परामर्श, निदानात्मक सेवाहरु र औषधी कक्षमा छिटो छरितो सेवा दिने ब्यबस्था मिलाउनु पर्दछ ।

(२) स्वास्थ्य संस्थामा नेपाल सरकारले निर्धारण गरेका मापदण्ड बमोजिम संक्रमण नियन्त्रणको ब्यबस्था भएको हुनुपर्नेछ र सो को नियमित र प्रभावकारी अनुगमन गर्नु पर्नेछ ।

(३) अस्पतालले विभिन्न ईकाईबाट प्रदान गर्ने सेवाहरु स्तरिय रुपमा संचालन गर्नु पर्नेछ र सो को नियमित र प्रभावकारी अनुगमन हुनु पर्नेछ ।

(४) अस्पतालले बहिरंग सेवा प्रदान गर्ने चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन र बार खुल्ले गरि) सबैले देख्ने ठाउमा राखिएको हुनु पर्नेछ ।

(५) विरामी वा विरामीको रेखदेख गर्ने ब्यक्तिलाई रोग र उपचार पद्धति बारे स्पष्ट जानकारी दिने ब्यबस्था हुनुपर्नेछ ।

(६) अस्पतालमा उपलब्ध स्रोत साधन, स्वास्थ्यकर्मी वा स्वास्थ्य जनशक्तिको क्षमताले स्वास्थ्य समस्याको समाधान हुन नसक्ने अवस्था आएमा बढी स्रोत, साधन सम्पन्न स्वांस्थ्य संस्थामा उपचार, परामर्श र सेवाको निमित्त पठाईने प्रक्रियालाई प्रेषण भनिन्छ । सो सम्बन्धि निर्णयको सम्पूर्ण अधिकार उपचार सेवा उपलब्ध गराउने चिकित्सक/स्वास्थ्यकर्मीमा पूर्ण रुपमा निहित रहनेछ । अस्पताल/स्वास्थ्य संस्थामा उपलब्ध स्रोत र साधनबाट समाधान गर्न नसकेका समस्या अस्पताल हुदै बिषेशज्ञ सेवा प्रदायक ठूला अस्पतालसम्म प्रेषण गरिनेछ ।

(७) अस्पताल परिसर तथा सेवा दिने कक्षहरुको नियमित रुपमा सरसफाइको व्यवस्था गर्नुपर्नेछ ।

(८) सबैले देख्ने स्थानमा गुनासो/उजुरी पेटिका राखिएको हुनुपर्नेछ ।

(९) जनगुनासो ब्यबस्थापनको लागी गुनासो सुन्ने अधिकारी तोकी जनगुनासो तथा पर्न आएको उजुरी समाधान गर्ने ब्यबस्था मिलाएको हुनु पर्नेछ । साथै समाधान हुन नसक्ने भएमा सो को कारण सम्बन्धित ब्यक्तिलाई जानकारी गराउनु पर्नेछ ।

(१०) विरामीले अस्पतालबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रकृया तथा अवधी समेत खुलाईएको सेवाग्राही वडापत्र अस्पतालको अग्र भागमा देखिने गरि राख्नु पर्नेछ र सोहि

अनुरुप सेवाको सुनिश्चितता गर्नु पर्दछ ।

(११) अस्पतालमा आउने विरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको ब्यबस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने ब्यबस्था गरेको हुनुपर्नेछ ।

(१२) अस्पतालले २४ सैं घण्टा दक्ष स्वास्थ्यकर्मीबाट र आवश्यकता अनुसार चिकित्सकको ब्यबस्था सहित आकस्मिक सेवा दिने ब्यबस्था गरेको हुनुपर्नेछ ।

(१३) अस्पतालमा सकभर ज्येष्ठ नागरिकको लागी विशेष सुविधा भएको शैयाको ब्यबस्था गरिनुपर्नेछ ।

(१४) अस्पताल सञ्चालन गरिने भवन र अन्य पूर्वाधार भवन संहिता र सम्बन्धित क्षेत्रको भवन निर्माण सम्बन्धि मापदण्ड अनुरुप हुनु पर्नेछ ।

(१५) अस्पतालले सूचना अधिकारी तोक्नु पर्नेछ ।

(१६) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरलाई सुनिश्चित गर्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गुणस्तर चिन्ह लिन आवश्यक कदम चाल्नु पर्नेछ ।

(१७) अस्पताल रहने स्थान धुवा, धुलो, ध्वनी, जल तथा जमिन प्रदुषण बाट मुक्त भएको हुनुपर्नेछ ।

(१८) अस्पताल रहने क्षेत्र र हाताभित्र उपयुक्त सुरक्षाको ब्यबस्था भएको, अस्पताल सम्म सहज सडक यातायातको पहुच भएको हुनुपर्नेछ ।

(१९) अस्पतालमा पानी, विजुली (ब्याकअप सहित), संचार सुविधा, पार्किङ सुविधा, स्वस्थकर वातावरणको लागि बृक्षारोपण तथा बगैचाको ब्यबस्था भएको हुनुपर्नेछ ।

(२०) जोखिमपूर्ण फोहोर ब्यबस्थापनका लागी उपयुक्त प्रविधीको प्रयोग गरी फोहोर ब्यबस्थापन गरिएको हुनुपर्नेछ ।

(२१) फार्मेसी कक्षमा औषधीको गुणस्तर ह्रास नहुनेगरी सुरक्षीत भण्डारण गर्ने ब्यबस्था मिलाउनु पर्नेछ । साथै ताप संवेदनशील औषधी तथा भ्याक्सिनको भण्डारण तोकिएको तापक्रममा भण्डारण हुनुपर्नेछ । उपचारमा प्रयोग हुने लागु औषध जन्य औषधीहरु चिकित्सकको प्रेस्क्रिप्सन अनुसार मात्र आम्दानी र खर्चको अभिलेख सहित वितरण गर्ने ब्यबस्था मिलाएको हुनुपर्नेछ ।

(२२) म्याद नाघेका औषधीहरु उपयुक्त विधि अपनाई नष्ट गर्ने ब्यबस्था भएको हुनुपर्नेछ ।

(२३) आकस्मिक सेवाका लागि चाहिने आवश्यक औषधीहरु चौविसै घण्टा उपलब्ध हुने ब्यबस्था हुनुपर्नेछ ।

(२४) अस्पतालले आफ्नै परिसर भित्र अस्पताल फार्मेसी संचालन गर्नुपर्नेछ । अस्पताल फार्मेसी सञ्चालन गर्नका लागि अस्पतालले निजी वा सामुदायिक संस्थासंग सम्झौता गरी फार्मेसी सञ्चालन गर्न सक्नेछ । यसरी सम्झौता गर्दा स्वास्थ्य संग सम्बन्धित सहकारी वा साझा संस्थालाई प्राथमिकता दिनुपर्नेछ ।

(२५) अस्पताल भित्र प्रभावकारी सुचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोन (इन्टरकम) को ब्यबस्था भएको हुनु पर्नेछ

(२६) आकस्मिक कक्ष, वर्थिङ कक्ष, अपरेसन कक्ष लगायत संवेदनशिल कक्षहरुमा आपतकालिन विद्युत ब्याकअप सिष्टम राखेको तथा आवश्यक सबै स्थानमा पानीको

ब्यबस्था भएको हुनुपर्नेछ ।

(२७) अस्पताल हाताभित्र सेवाग्राही तथा सेवाप्रदायक हरुका लागी पर्याप्त पानी र साबुन सहितको सफा शौचालयको ब्यबस्था हुनु पर्नेछ ।

(२८) अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार विरामीको साथमा रहने १ जना कुरुवालाई बस्न सक्ने प्रवन्ध हुनुपर्नेछ । अस्पताल हाता भित्र सफा र सुविधा युक्त क्यान्टिनको ब्यबस्था भएको हुनुपर्नेछ ।

(२९) अस्पतालमा प्रयोग हुने एप्रोन, पञ्जा, टोपी, जुत्ता ,तन्ना, तकिया, खोल, रुमाल जस्ता कपडा धुन तथा अस्पतालमा भर्ना भएका विरामीहरुको लुगा धुने सुविधाको ब्यबस्था भएको हुनुपर्नेछ ।

(३०) अस्पतालमा सुरक्षा ब्यबस्था मिलाउन सुरक्षा गार्डको ब्यबस्था भएको हुनुपर्नेछ , आपतकालीन आवस्थाको लागि तत्काल सेवा प्रदान गर्न राज्यका सुरक्षा निकायसंग समन्वय कायम गर्ने ब्यबस्था मिलाएको हुनुपर्नेछ ।

(३१) आकस्मिक कक्षमा आकस्मिक अवस्थामा बर्हिगमन द्वारको आवश्यक ब्यबस्था मिलाएको हुनुपर्नेछ ।

(३२) अक्सिजन आपूर्तीको नियमित ब्यबस्था भएको हुनुपर्नेछ ।

(३३) आकस्मिक कक्ष, सुत्केरी कक्ष तथा वार्डमा आवश्यक उपकरणहरुको ब्यबस्था भएको हुनुपर्नेछ ।

(३४) अस्पतालमा चट्याङ छल्ने एन्टि लाइटिङ सिस्टमको जडान, आगो निभाउने फायर एस्टिङग्युसरको ब्यबस्था भएको हुनुपर्नेछ ।

(३५) प्रचलित कानुन अनुसार अन्य मापदण्ड पुगेको हुनुपर्नेछ ।

## परिच्छेद -४
## सञ्चालक समिति र संचालक समितिको पदावधि

(१३) अस्पताल संचालन सम्बन्धमाः

(१) अस्पताल संचालनको लागि एक सञ्चालक समिति रहनेछ । संचालक समितिको गठन देहाय बमोजिम हुनेछः

| | |
|---|---|
| (क) गाउँपालिकाको अध्यक्ष | - अध्यक्ष |
| (ख) गाउँपालिकाको उपाध्यक्ष | - उपाध्यक्ष |
| (ग) सामाजिक बिकास समितिको संयोजक | - सदस्य |
| (घ) अस्पताल अवस्थित वडाको वडाध्यक्ष | - सदस्य |
| (ङ) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (च) आँबुखैरेनी बिकास बोर्डको सदस्य सचिव | - सदस्य |
| (छ) गाउँपालिका स्वस्थ्य शाखा प्रमुख | - सदस्य |
| (ज) स्वास्थ्य वा सामाजिक क्षेत्रमा योगदान गरेका व्यक्ति मध्येबाट अध्यक्षले मनोनित गरेको एक जना | |

महिला सहित तीन जना - सदस्य

(झ) गाउँकार्यपालिकाले मनोनित विशेशज्ञ चिकित्सक एक जना - सदस्य

(ञ) नियम १९ उपनियम १ बमोजिम अस्पताल प्रशासनको काम गर्ने ब्यक्ति - सदस्य

(ट) मेडिकल सुपरिटेण्डेण्ट - सदस्य सचिव

(२) दफा (१) खण्ड (ज) र (झ) बमोजिम मनोनित को पदावधि २ बर्षको हुनेछ ।

(३) बैठक, गणपूरक सङ्ख्याः
सञ्चालक समितिको बैठक समितिका अध्यक्षको अध्यक्षतामा महिनाको एकपटक र आवश्यकताअनुसार बस्नेछ ।

(४) ५१ प्रतिशत सदस्यको उपस्थितिलाई बैठकको गणपूरक सङ्ख्या मानिनेछ ।

(५) समितिको बैठकको सेवा सुबिधा कार्यपालिकाले तोकिएबमोजिम हुनेछ ।

(१४) सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः

(१) यस नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) अस्पतालको व्यवस्थापन र सञ्चालन गर्ने,

(ख) अस्पतालको विकास सम्बन्धमा आवश्यक दीर्घकालीन तथा अल्पकालीन नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने वा गराउने,

(ग) अस्पतालको वार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने,

(घ) अस्पतालको भौतिक सम्पत्तिको रेखदेख, संरक्षण तथा मर्मत सम्भार गर्ने,

(ङ) वहिरंग तथा अन्तरंग, चिकित्सा सेवा, प्रयोगशाला तथा अन्य सेवा उपलब्ध गराए वापत शुल्क निर्धारण गर्ने,

(च) अस्पतालबाट प्रदान गरिने सेवाको सञ्चालन, सुधार र विस्तारका लागि आवश्यक पर्ने स्रोत र साधनको पहिचान तथा खोजी गर्ने,

(छ) अस्पतालमा गरेका कार्यको समीक्षा गर्ने र आवश्यक निर्णय लिने,

(ज) अस्पतालको मेडिकल सुपरिटेण्डेण्टको नियुक्त गर्ने र अस्पतालको जनशक्तिको वृत्ति विकासमा आवश्यक कार्य गर्ने,

(झ) अस्पतालको कार्य सञ्चालनको लागि आवश्यकता अनुसार उपसमिति वा कार्य टोली गठन गरी त्यस्तो उपसमिति वा कार्य टोलीको काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोक्ने,

(ञ) अस्पतालमा आवश्यक पद तथा दरबन्दि सृजना गर्ने र करारमा नियुक्ति गर्न कार्यपालिकामा सिफारीस गर्ने,

(ट) अस्पतालको उद्देश्य प्राप्तिको लागि अन्य निकायसंग आवश्यक परामर्श लिने

(१५) अध्यक्षको काम, कर्तव्य र अधिकारः

(१) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) समितिको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने,

(ख) बैठकको विषयमा सदस्यहरूको पालैपालो मत लिने,
(ग) बहुमतको आधारमा निर्णय लिने,
(घ) मत बराबर भएमा निर्णायक मत दिने,
(ङ) बैठकको निर्णय प्रमाणित गर्ने,
(च) अस्पतालको विकास, विस्तार एवं व्यवस्थित गर्न नेतृत्वदायी भूमिका खेल्ने,
(छ) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,
(ज) नियम ८ र १४ अनुसारको मापदण्डको सुनिश्चितता गर्ने ।
(झ) मेडिकल डाईरेक्टरलाई आवश्यक निर्देशनहरू दिने ।

(१६) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः

(१) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षको काम, कर्तव्य र अधिकारबमोजिम काम गर्ने ।

(२) अध्यक्षले तोकेको अन्य कार्य गर्ने ।

(१७) समितिको सदस्य सचिव (मेडिकल सुपरिटेण्डेण्ट) को काम, कर्तव्य र अधिकारः

(१) समितिको सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) समितिको सदस्य सचिवको रुपमा कार्य गर्ने,
(ख) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,
(ग) अस्पतालको सम्पत्तिको रेखदेख गर्ने, गराउने,
(घ) प्रचलित आर्थिक कानून बमोजिम प्रशासनिक र आर्थिक प्रशासन सम्बन्धि कार्य गर्ने,
(ङ) अध्यक्षसंग परामर्श गरी बैठकको विषय तयार गर्ने र बैठक बोलाउने,
(च) समितिले गरेका निर्णय अनुरुप कार्य गर्ने गराउने,
(छ) दैनिक प्रशासनिक कार्य गर्ने, गराउने,
(ज) अध्यक्षसंग आवश्यक परामर्श लिई कार्य गर्ने,
(झ) अस्तापलको सम्पूर्ण कागजातको रेखदेख गर्ने,
(ञ) नियमितरुपमा विहानी सभा गर्नुपर्ने,
(ट) संचालक समितिको अध्यक्षलाई दैनिक रिर्पोटिङ गर्नुपर्ने ।

(१८) मेडिकल सुपरिटेण्डेण्ट सम्बन्धी ब्यबस्थाः

(१) अस्पतालको कार्यकारी प्रमुखको रुपमा पूर्णकालीन कार्य गर्न एक मेडिकल सुपरिटेण्डेण्ट रहनेछ ।

(२) चिकित्सा शास्त्रमा स्नाकोत्तर गरेको अस्पतालमा कार्यरत पूर्णकालीन चिकित्सक मध्येबाट एक जनालाइ समितिले अस्पताल मेडिकल सुपरिटेण्डेण्ट मा नियुक्त गर्नेछ । यो मापदण्ड अनुसार योग्यता नपुगेमा स्नातक गरेको अस्पतालमा कार्यरत पूर्णकालीन चिकित्सक मध्येबाट बरीष्ठ एक जनालाइ समितिले अस्थाइ रुपमा अस्पताल मेडिकल सुपरिटेण्डेण्टको जिम्मा दिन सक्नेछ ।

(३) आवश्यकता अनुसार समितिले एक जना उप मेडिकल सुपरिटेण्डेण्ट नियुक्त गर्न सकिने छ । उप मेडिकल सुपरिटेण्डेण्ट ले मेडिकल सुपरिटेण्डेण्ट को अनुपस्थितिमा मेडिकल सुपरिटेण्डेण्ट को सम्पूर्ण काम र अन्य तोकिएको काम गर्नेछ ।

(४) मेडिकल सुपरिटेण्डेण्ट र उप मेडिकल सुपरिटेण्डेण्टको पदावधि दुई वर्षको हुनेछ ।

(१९) प्रशासनको काम गर्ने गरी जिम्मेवारी तोक्न सक्ने :-

(१) संचालक समितिले अस्पतालको दैनिक प्रशासन संचालन र व्यवस्थापनका लागि एक जना कर्मचारीलाई जिम्मेवारी तोक्न सक्नेछ । निजको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सदस्य सचिवको निर्देशन अनुसार कार्य गर्ने, गराउने,

(ख) संचालक समितिको निर्णय कार्यान्वयन गर्न सदस्य सचिवलाई सहयोग गर्ने,

(ग) अस्पतालको सम्पत्तिको रेखदेख गर्ने, गराउने,

(घ) प्रचलित आर्थिक कानून बमोजिम आर्थिक प्रशासन सम्बन्धि कार्य गर्ने,

(ङ) सदस्य सचिवकासंग परामर्श गरी बैठकको विषय तयार गर्ने र बैठक बोलाउने,

(च) दैनिक प्रशासनिक कार्य गर्ने, गराउने,

(छ) सदस्य सचिव र अध्यक्षसंग आवश्यक परामर्श लिई कार्य गर्ने,

(ज) अस्पतालको सम्पूर्ण कागजातको रेखदेख गर्ने,

(झ) सेवा तथा विभागहरुको अनुगमन र निरीक्षण गर्ने,

(ञ) अध्यक्ष र मेडिकल डाईरेक्टरलाई कर्मचारीहरुको र सेवाको रिर्पोट पेश गर्ने ।

## परिच्छेद- ५
## कोष व्यवस्थापन

(२०) अस्पताल संचालन कोष :

(१) अस्पताल संचालनका लागि एक आँबुखैरेनि अस्पताल संचालन कोष स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायबमोजिमका रकम रहनेछन् :-

(क) नेपाल सरकार, प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) गाउँपालिकाबाट विनियोजित वा प्राप्त हुने रकम

(ग) विदेशी सरकार, विदेशी व्यक्ति वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त रकम,

(घ) स्वदेशी व्यक्ति वा संघ, संस्थाबाट प्राप्त रकम,

(ङ) अस्पतालको सेवाग्राहीबाट प्राप्त रकम र

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपानियम (१) बमोजिमको कोषमा रहने रकमे छुट्टै खाता खोली जम्मा गर्नुपर्नेछ ।

(४) उपनियम (१) बमोजिमको कोषको रकम अस्पतालको संचालन र व्यवस्थापनको लागि प्रयोग गरिनेछ ।

(५) उपनियम (१) बमोजिमको कोषको सञ्चालन र खर्च संचालक समितिको सिफारीसमा गाउँकार्यपालिकाले तोकिएबमोजिम गर्न सक्नेछ ।

(६) अस्पताल संचालन र ब्यबस्थापनका लाागी पच्चिस हजार रुपैयाँ सम्मको खर्च संचालक समितिको अध्यक्षको स्वीकृतिमा मेडिकल सुपरिटेण्डेण्टले गर्न सक्नेछ ।

(२१) लेखा र लेखा परीक्षणः

(१) अस्पतालको वार्षिक आय व्ययको लेखा परीक्षण आँबुखैरेनी गाउँपालिकाद्धारा नियुक्त

लेखा परीक्षकबाट हुनेछ ।

(२) अस्पतालको वार्षिक आय व्ययको आन्तरिक लेखा परीक्षण आँबुखैरेनी गाउँपालिकाको आन्तरिक लेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद-६
## जनशक्ति सम्बन्धी व्यवस्थापन, पदपूर्ती तथा काज

(२२) अस्पतालका लागि जनशक्ति सम्बन्धी व्यवस्था:

(१) अस्पताल संचालनको सहजताका लागि संचालक समितिको निर्णय अनुसार आवश्यक जनशक्तिको व्यवस्थापन गर्नेछ ।

(२) अस्पतालमा कार्य गर्ने जनशक्तिहरुको कार्य विवरण तोकिए बमोजिम हुनेछ ।

(३) जनशक्ति दरबन्दी एवं कार्य विवरणमा संचालक समितिले आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।

(४) संचालक समितिले आवश्यकता अनुसार अस्पतालको लागि आंशिक कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

(५) संचालक समितिको निर्णयहरु यो नियमावली सरह लागू हुनेछ ।

(२३) सामाजिक परीक्षण : अस्पतालले प्रवाह गरेका सेवा, सुविधा र काम कार्वाहीका सम्बन्धमा प्रत्येक वर्ष आ.व. समाप्त भएको तीन महिना भित्र सार्वजनिक रुपमा सामाजिक परीक्षण गर्ने गराउने छ ।

(२४) पदपूर्ती समिति :

(१) अस्पतालका लागि आवश्यक जनशक्तिको पदपूर्ती सम्बन्धी कार्य गर्नका संचालक समितिले पदपूती र परिक्षा समिति गठन गरी गर्नुपर्नेछ ।

(२) परिक्षा समितिले सेवा करारमा लिने कर्मचारीको परीक्षा सञ्चालन गर्दा देहायको कुनै एक वा एकभन्दा बढी तरीकाबाट परीक्षा सञ्चालन गर्नसक्नेछ :-

(क) लिखित परीक्षा,

(ख) प्रयोगात्मक परीक्षा, र

(ग) अन्तर्वार्ता ।

(३) पदपूर्ती समिति र परीक्षा समितिको को काम, कर्तव्य र अधिकार संचालक समितिले तोके बमोजिम हुनेछ ।

(४) पदपूर्ती समितिबाट सिफारिस गरिएका उम्मेदवारहरुलाई संचालन समितिको निर्णय अनुसार कार्यपालिकाले सेवा करारमा नियुक्ती दिन सकिनेछ ।

(२५) काज खटाउने अधिकारी :

(१) सेवाको कामको सिलसिलामा कर्मचारीलाई काज खटाउने अधिकार देहायको अधिकारीलाई हुनेछ :-

(क) अस्पतालका चिकित्सक वा कर्मचारीलाई एक हप्तासम्म स्वदेश वा विदेशमा काज खटाउने अधिकार संचालक समितिको अध्यक्षलाई र एक महिना वा सो भन्दा बढि समयसम्मको अवधिको लागि स्वदेश वा विदेशमा काज खटाउने अधिकार संचालक समितिलाई हुनेछ ।

(२६) कार्य सम्पादन मूल्याङ्कन फाराम :

(१) कर्मचारीको कार्यक्षमताको मूल्याङ्कनको लागि प्रयोग गरिने कार्यसम्पादन मूल्याङ्कन तोकिए बमोजिम हुनेछ ।

(२) कर्मचारीको कार्य सम्पादनको मूल्याङ्कन गर्दा देहाय बमोजिम अधिकतम पचास अंङ्क प्रदान गरिनेछ :-

(क) सुपरिवेक्षकले - २५

(ख) पुनरावलोकनकर्ताले - १५

(ग) पुनरावलोकन समितिले - १०

(३) उपनियम (२) बमोजिम मूल्यांकन गर्नको लागि मूल्याङ्कन गरिने कर्मचारीका विभागीय इन्चार्ज वा प्रमुख सुपरिवेक्षक हुनेछ र मेडिकल सुपरिटेण्डेण्ट पुनरावलोकनकर्ता हुनेछ ।

(४) कर्मचारीको कार्य सम्पादनको मूल्याङ्कनकोलागि देहायको पुनरावलोकन समिति रहनेछः

(क) मेडिकल सुपरिटेण्डेण्ट - अध्यक्ष

(ख) सम्बन्धित पुनरावलोकनकर्ता - सदस्य

(ग) सम्बन्धित कर्मचारीको सुपरिवेक्षक - सदस्य

(५) यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि मेडिकल सुपरिटेण्डेण्ट सुपरिवेक्षक हुने कर्मचारीको हकमा निजले नै पुनरावलोकनकर्ता र पुनरावलोकन समितिको तर्फबाट समेत अङ्क प्रदान गर्नेछ ।

(२७) तलबमान :

(१) कर्मचारीले पाउने तलबमान र अन्य सुविधा समितिले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद-७
## अध्ययन, तालिम तथा सेमिनार

(२८) अध्ययन, तालिम तथा सेमिनारमा पठाउन सकिने :

(१) अस्पताललाइ सेवा संचालनको लागी अत्यावश्यक पर्ने ज्ञान, सिपको अध्ययन, तालीमका लागि कर्मचारीहरुलाई अध्ययन, तालिम तथा सेमिनारमा पठाउन सक्नेछ ।

(२) उपनियम १ बमोजिम को ब्यबस्था गर्दा संचालक समितिले आन्तरिक स्रोतबाट समेत ब्यबस्था गर्ने गरी गर्न सक्नेछ ।

(३) कर्मचारीलाई कुनै अध्ययन वा तालिममा पठाएमा त्यस्तो तालिम तथा अध्ययन अवधिभर निजलाई दिने तलब र अन्य सुविधा सम्बन्धमा संचालक समितिले आवश्यकता हेरि निर्णय गर्न सक्नेछ ।

(२९) अध्ययन वा तालिम पूरा गरेपछि सेवा गर्नु पर्ने अवधि :

(१) समितिबाट मनोनयन भई अध्ययन वा तालिममा जाने कर्मचारीले जानु पूर्व त्यस्तो अध्ययन वा तालिम पूरा गरेपछि अध्ययन वा तालिममा लागेको समय अवधिको दोब्बर अवधिसम्म अनिवार्य रुपमा अस्पतालमा सेवा गर्ने कबुलियत गर्नुपर्नेछ । तर जतिसुकै अवधिको अध्ययन वा तालिम भए तापनि सो अध्ययन वा तालिम पूरा गरी

फर्केर आएपछि पूर्व कबुलियतबमोजिम कर्मचारीले अस्पतालमा गर्नु पर्ने सेवाको अधिकतम हद पाँच वर्षभन्दा बढी हुनेछैन ।

(२) कुनै पनि कर्मचारीले अध्ययन वा तालिम पूरा गरेपछि सेवा गर्न नआएमा वा गर्नुपर्ने सेवा अवधि पूरा नगरेमा वा अस्पतालले विभागीय कारवाही गरी सेवाबाट हटाएमा कर्मचारीबाट अध्ययन वा तालिम अवधिभर निजले पाएको तलब, भत्ता तथा कबुलियतनामामा उल्लेख भएको अन्य रकमको दोब्बर रकम सरकारी बाकी सरह असूल उपर गरिनेछ ।

(३) अध्ययन तथा तालिम पुरा गरेका कर्मचारीले वाटोको म्याद वाहेक सात दिनभित्र अस्पतालमा हाजिर भइसक्नु पर्नेछ । मनासिव माफिकको कारण वेगर सो अवधिभित्र हाजिर नहुने कर्मचारीलाई विभागीय कारवाही गरिनेछ ।

## परिच्छेद-८
## आचरण, हाजिरी र बिदा

(३०) अनुशासन र नियम पालन :

(१) कर्मचारीले आफ्नो सेवा र पद अनुकूलको आचरण पालन गर्नु पर्नेछ ।

(२) कर्मचारीले अस्पतालबाट निर्धारित समयमा नियमित रुपले कार्यालयमा हाजिर हुनु पर्दछ । विदाको स्वीकृति नलिई कामबाट अनुपस्थित हुनु हुँदैन । अस्पताललाई आवश्यक पर्दा जुनसुकै समयमा पनि उपस्थित हुनु पर्नेछ ।

(३) कर्मचारीले अस्पतालको नीति नियमका साथै प्रचलित कानूनको सम्मान एवं पालना गर्नु पर्नेछ ।

(४) कर्मचारीले अस्पतालको कामका सम्बन्धमा आफू भन्दा माथिको अधिकारीले दिएको निर्देशनलाई शिघ्रताका साथ पूरा गर्नु पर्नेछ ।

(५) कर्मचारीले आफूभन्दा माथिका सबै कर्मचारीहरु प्रति उचित आदरभाव देखाउनु पर्नेछ र आफू मुनिका कर्मचारीहरु प्रति उचित व्यवहार गर्नु पर्नेछ ।

(६) कुनै पनि कर्मचारीले अख्तियारवालाको स्वीकृति नलिई आफूले सेवामा रही कर्तव्य पालन गर्दा जानकारीमा आएको कुनै गोप्य वा कानूनद्वारा निषेधित विषय वा आफूले लेखेको वा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनाधिकृत  कर्मचारी वा व्यक्ति वा प्रेसलाई दिनु वा बताउनु हुँदैन ।

(७) अस्पतालको नीति विपरीत हुने गरी वा नेपाल सरकार र जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी कुनै पनि कर्मचारीले आफ्नो काल्पनिक वा वास्तविक नामबाट वा बेनामी कुनै लेख प्रकाशित गर्न, प्रेसलाई कुनै खबर दिन वा रेडियो वा टेलिभिजनबाट भाषण प्रसारित गर्न, कुनै सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकाशित गर्न हुँदैन ।

(८) उपनियम (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून र अस्पतालको नीतिको विपरीत नहुने गरी साहित्यिक, वैज्ञानिक वा कलात्मक कार्य गर्न, लेख प्रकाशन गर्न वा प्रसारण गर्न यस नियमावलीमा लेखिएको कुनै पनि कुराले बाधा पुऱ्याएको मानिने छैन ।

(९) कर्मचारीले आफ्नो कर्तब्यपालनाको समयमा अन्य संस्थामा पूर्णकालिन, अल्पकालीन वा ज्यालादारी काम गर्न पाइने छैन कर्मचारीले अस्पतालको कामको सिलसिलामा अधिकार प्राप्त अधिकारीले खटाएको कार्यालय वा स्थानमा गई आफूलाई तोकिएको जिम्मेवारीको पालना गर्नु पर्नेछ ।

(१०) कर्मचारीले आफ्नो कामका सन्दर्भमा सदैव पेशाविदता (प्रोफेसनालिजम) का मुल्य मान्यताहरु अनुशरण गर्नु पर्नेछ ।

(११) कर्मचारीले अस्पताल र मातहतका निकायहरुले गर्नुपर्ने काममा प्रभाव पर्न सक्ने गरी कुनै पनि प्रकारको दान, दातव्य, उपहार, कोशेली वा चन्दा माग्ने वा स्वीकार गर्ने कार्य आफै वा आफ्नो परिवारको कुनै सदस्य वा अन्य कुनै व्यक्ति मार्फत गर्नु गराउनु पाइछैन ।

(१२) कर्मचारीले साधन श्रोतको परिचालन एवं उपयोग गर्दा अस्पताललाई अधिकतम फाईदा पुग्ने गरी गर्नु पर्नेछ । अस्पतालको चल तथा अचल सम्पत्तिको हिफाजत, संरक्षण वा सुरक्षा गर्नु गराउनु सबै कर्मचारीको कर्तव्य हुनेछ ।

(१३) कर्मचारीले कार्यालयमा मादक पदार्थ सेवन गर्न वा कसै प्रति अभद्र व्यवहार गर्न वा कार्यालय भित्र वा बाहिर सामाजिक दृष्टिले अनुपयुक्त एवं अनुचित कुनै व्यवहार गर्न वा अरुलाई प्रोत्साहन गर्न हुँदैन ।

(३१) कर्मचारीको सबै समय अस्पतालको अधीनमा हुने :

(१) यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक कर्मचारीको सबै समय अस्पतालको अधीनमा हुनेछ र जुनसुकै समयमा पनि कर्मचारीलाई काममा लगाउन सकिनेछ ।

(२) कर्मचारीले अस्पतालबाट निर्धारित समयमा नियमित रुपमा अस्पतालमा उपस्थित भई हाजिर जनाउन खडा गरिएको हाजिरी किताब वा विद्युतीय हाजिरी प्रणालीमा हाजिर जनाई आफूलाई सुम्पिएको जिम्मेवारी बहन गर्नु पर्नेछ र समितिबाट निर्धारित कार्य समय समाप्त भएपछि हाजिरी किताब वा विद्युतीय हाजिरी प्रणालीमा हाजिर जनाएर मात्र अस्पताल छाड्नुपर्नेछ ।

(३) कर्मचारीले अस्पतालमा उपस्थित भई हाजिर जनाईसकेपछि प्रशासन को अनुमति नलिई कार्यालय समयमा अस्पताल वा आफूलाई तोकिएको स्थान छोडी अन्यत्र जान हुँदैन ।

(४) कुनै कर्मचारी बिदा स्वीकृत नगराई अस्पतालको समयमा अनुपस्थित रहेको वा उपस्थित भए तापनि आफूलाई तोकिएको स्थानमा नबसी अस्पतालको काममा बाहेक अन्यत्र गएको देखिएमा अख्तियारवालाले त्यस्तो कर्मचारीलाई गयल जनाई तलब र भत्ता कटाउने आदेश दिन र विभागीय कारवाही समेत गर्न सक्नेछ ।

(३२) बिदा अधिकारको कुरा होइन :

(१) बिदा अधिकारको कुरा होइन, सहुलियत मात्र हो । बिदाको स्विकृति दिने अधिकारीले आफ्नो स्वविवेकले सेवाको आवश्यकता अनुसार बिदा पूर्ण वा आंशिक रुपमा स्वीकृत वा अस्वीकृत गर्नसक्नेछ ।

(२) प्रसूति बिदा, प्रसूति स्याहार विदा, किरिया बिदा, दुर्घटना तथा अशक्त बिदा र अध्ययन बिदा बसेको अवस्थामा बाहेक सेवाको आवश्यकता अनुसार स्वीकृत

भैसकेको तलवी बिदा रद्द गरी सम्बन्धित कर्मचारीलाई अस्पतालको काममा फिर्ता बोलाउन सकिनेछ ।

## परिच्छेद- १०
## दण्ड सजाय

(३३) सजाय दिन सकिने :

(१) उचित र पर्याप्त कारण भएमा कर्मचारीलाई देहायबमोजिमको सजाय दिन सकिनेछः-

(क) नसिहत दिने (तलब रोक्का, तह घटुवा, सरुवा वा सेवाबाट निस्कासन)

(ख) कर्मचारीले लापरवाही वा गैर जिम्मेवारी तरिकाले वा जानाजान त्रुटीपूर्ण ढङ्गबाट गरेको काम कारवाहीबाट अस्पताललाई पर्न गएको आर्थिक हानि नोक्सानी सम्बन्धित कर्मचारीबाट भराउने गरी आदेश दिन सकिने

(२) उपनियम (१) अनुसार सजाय दिदा निम्न मापदण्डलाई आधार बनाउनुपर्नेछ :

(क) अनुशासन र आज्ञा पालन नगरेमा,

(ख) नियमित समय पालन नगरेमा,

(ग) पदीय दायित्व तथा जिम्मेवारी पूरा नगरेमा,

(घ) अस्पतालको हाताभित्र धुम्रपान गरेमा,

(ङ) सेवाग्राहीसंग नराम्रो व्यवहार गरेमा,

(च) मादक पदार्थ सेवन गरी कार्यालयमा उपस्थित भएमा,

(छ) काम सन्तोषजनक नभएमाः (कार्यसम्पादन मूल्यांकन अन्तर्गत बिषयवस्तुको ज्ञान र सीप तथा सम्बन्धित कामको गुणस्तर प्रत्येक आधारमा असी प्रतिशत भन्दा कम वा कार्यसम्पादन मूल्यांकन वापत औषतमा असी प्रतिशत भन्दा कम अङ्क हासिल गरेको अवस्था)

(ज) आर्थिक प्रशासन सम्बन्धी नियमावलीमा तोकेको म्यादभित्र आफ्नो जिम्मामा रहेको नगदी, जिन्सी बुझ बुझारथ नगरेमा,

(झ) मनासीव माफिकको कारण परी सोको जानकारी गराएको अवस्थामा वाहेक बिदा स्वीकृत नगराई लगातार सात दिन अस्पतालमा अनुपस्थित भएमा,

(ञ) प्रचलित कानून बमोजिम स्थापना भएको आफ्नो व्यवसायसँग सम्बन्धित व्यावसायिक परिषद् वा सो सरहको आधिकारिक निकायको नाम दर्ता किताबबाट नाम हटाईएमा,

(ट) जानी जानी लापरवाही वा हेलचक्रयाँईपूर्ण तरिकाबाट गरेको कामको परिणाम स्वरुप बिरामीको स्वास्थ्यमा गम्भिर असर पुगेमा,

(३) विभागीय सजायको आदेश दिने अधिकारीः

कुनै कर्मचारीलाइ सजाय गर्नुपर्ने अवस्था आएमा मेडिकल सुपरिटेण्डेण्ट ले उचित कारण सहित समितिमा प्रस्ताव पेश गर्नुपर्नेछ र समितिको निर्णय बमोजिम मेडिकल सुपरिटेण्डेण्ट ले कार्यन्वयन गर्नेछ ।

(४) सफाइ पेश गर्ने मौका दिनु पर्नेः सजाय सम्बन्धी निर्णय गर्नुपूर्व कुनै कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको कारण उल्लेख गरी सो कर्मचारीलाई उचित म्याद दिई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ । यसरी

मौका दिँदा निजमाथि लगाइएको आरोप स्पष्ट रुपले किटिएको र प्रत्येक आरोप कुन कुन कुरा र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ । त्यस्तोमा सम्बन्धित कर्मचारीले पनि म्यादभित्र आफ्नो सफाइ पेश गर्नुपर्नेछ ।

(३४) थप सेवा संचालन गर्न सक्नेः

प्रचलित कानुनको अधीनमा रहि अस्पताल बाट प्रदान गरिने आधारभुत स्वास्थ्य सेवा बाहेकको थप सेवा सञ्चालन गर्नका लागि संचालक समितिबाट निर्णय गराई कार्यपालिकाको बैठकबाट अनुमोदन गराइ स-शुल्क सेवाहरु थप गर्नका लागि बाधा पर्ने छैन साथै सो बाट प्राप्त रकम अस्पतालको आन्तरिक आम्दानीमा जम्मा गर्नुपर्नेछ । आवश्यकता अनुसार उक्त रकम समितिले अस्पतालको मर्मत, विकास, संचालन लगायत जनशक्ति ब्यबस्थापनमा खर्च गर्न सक्नेछ ।

(३५) अस्पताल तथा वर्थिङ सेण्टरको हकमा अस्पताल तथा वर्थिङ सेण्टरमा काम गर्ने चिकित्सक तथा अन्य स्वास्थ्यकर्मी र कर्मचारीहरुलाई अतिरिक्त सेवा वापतको भत्ता, जोखिम भत्ता, रात्रिकालिन सेवा भत्ता तथा समितको निर्णय अनुसार उपलब्ध गराउने अन्य भत्ता समेत चिकित्सक तथा स्वास्थ्यकर्मी र कर्मचारीहरुलाई लाई उपलब्ध गराउन कुनै बाधा पर्ने छैन ।

(३६) गाउँपालाकिकाले आँफु मातहतका कर्मचारीलाई अस्पतालमा काम गर्ने गरी खटाउन सक्नेछ । यसरी खटाइएको कर्मचारीहरुले अस्पताल कर्मचारीको रुपमा काम गर्नुपर्नेछ ।

(३७) अस्पताल अन्तर्गत अन्य स्वास्थ्य संस्थाहरु पनि संचालन गर्न सक्नेछ ।

(३८) यस नियमावलीको व्याख्या कार्यपालिकाले गर्नेछ ।

(३९) कानुन बनाउन सक्नेः यस नियमावली अन्तरर्गत रही अस्पताल संचालक समितिले आवश्यक विनियम, कार्यविधि, निर्देशिका बनाउन सक्नेछ

(४०) बाधा अड्काउ फुकाउः

यस नियमावली बमोजिम कामकाज वा कारबाही गर्दा गराउँदा कुनै बाधा अड्काउ पर्न गएमा त्यस्ता बाधा अड्काउ हटाउने वा फुकाउने अधिकार आँबुखैरेनी गाउँपालिका गाउँ कार्यपालिकालाई हुनेछ ।

अनुसुचि १

अस्पतालको छाप

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

आँबुखैरेनी गाउँपालिका

आँबुखैरेनी अस्पताल

आँबुखैरेनी, तनहुँ

गण्डकी प्रदेश, नेपाल

२०७९

अनुसुचि २

अस्पतालको चिठी पत्रको नमुना

आँबुखैरेनी गाउँपालिका

# आँबुखैरेनी अस्पताल

आँबुखैरेनी, तनहुँ

गण्डकी प्रदेश, नेपाल

२०७९


पत्र संख्या :

चलानी नं : मिति :

फोन नं : ईमेल: वेब:

अनुसुचि ३

अस्पतालको सांगठनिक संरचना




आज्ञाले

विष्णुप्रसाद शर्मा

प्रमुख प्रशासकिय अधिकृत